
FREE WIFI
SERVICE
SCAN ME
IOM
UN MIGRATION

# वाइफाइले जीवन जोड्छ

तेजस्वी दास, ३४, भारतको बेङ्गलोर शहरमा कार्यरत इन्जिनियर हुन् । कोभिड–१९ महामारीले एकाएक सबैतिर आक्रान्त पारेपछि नेपालस्थित घर फर्किने तेजस्वीको दैनिकी बिथोलियो । लकडाउनले गर्दा उनी भारतमै थुनिन पुगिन् । धेरै समयपछि लकडाउन केही खुकुलो भयो, तेजस्वीले यो मौका खेर जान नदिने विचार गरिन् । उनको यात्रा शुरू भयो ।

जब तेजस्वी काकरभिट्टास्थित स्थल सिमा नाकामा आइपुगिन्, उनीलाई कोभिड–१९ को परीक्षण गराउनुपर्ने कुरा बताइयो । साथै, उनलाई खोप कार्ड पनि देखाउन भनियो । तर उनीसँग खोप कार्डको भौतिक प्रति थिएन । उनले फोनमा राखेकी थिइन् तर इन्टरनेट उपलब्ध नहुँदा फोनबाट पनि हेर्न मिलेन । नेपाल घर पुगेपछि मात्रै उनीसँग सिम कार्ड हुने थियो र सिम कार्डबिना इन्टरनेटको पहुँच पुग्ने सम्भावना नै भएन ।

स्थल सिमा नाकाका एक कर्मचारीले हेल्थडेस्कमा रहेको निःशुल्क वाइफाइ सेवाका बारेमा तेजस्वीलाई जानकारी गराए । उनको कोभिडको परीक्षणको नतिजा आउँदै गर्दा उनलाई सुरक्षित प्रतीक्षा कक्षमा बसेर आराम गर्न सुझाइयो । त्यो पर्खाइमा वाइफाइ एकदमै काम लाग्ने स्रोत बन्यो । वाइफाइ उपलब्ध भएपछि उनले खोप कार्डको विद्युतीय प्रति पनि देखाउन सकिन् । तर सबैभन्दा महत्वपूर्ण कुरा, उनले आफ्नो परिवारसँग सम्पर्क गर्न सकिन् । उनले आफ्नो परिवारलाई आफ्नो खबर पुर्‍याउन सकिन् ।

त्यसोभए, आप्रवासीहरूका लागि वाइफाइ सेवा कति महत्वपूर्ण छ त ? तेजस्वी भन्छिन्, "सीमानाकामा चाहिने यो सबैभन्दा आधारभूत र अत्यावश्यक सेवा हो किनभने विदेशबाट फर्किने प्रत्येकसँग नेपाली सिम कार्ड नहुन सक्दछ र हामीले फोनमा अनलाइन राखेका दस्तावेजहरु त हेर्नै पर्ने हुन्छ । साथै, आफ्नो परिवारसँग सम्पर्क गर्न पाउनु मेरा लागि ठूलो विषय थियो । उहाँहरूलाई सीमा आइपुगेको जानकारी गराउन पाएँ । यो अति नै चाहिने कुरा हो ।"